puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८२।०८३ | मितिः२०८२।१२।१५
सू.नं. : ८९ | ने.सः (११४६ चौलाथ्व, ११ आईतबार)

## कर्मचारी आवश्यकता सम्बन्धी पुनः दरखास्त आह्वानको सूचनाको

(प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२४ गते)
(~~प्रथम~~ दोस्रो पटक प्रकाशित मिति: २०८२/१२/१५ गते)

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको लागत साझेदारीमा सञ्चालित छ। कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पुर्वमा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसंग सम्बन्धित मुद्धामा सहयोग तथा सहजिकरण, सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतीकरणक कार्यक्रम सञ्चालनका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

१. विज्ञापन नम्बर. ०४-२०८२-०८२

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १. | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिग/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको। |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | | ▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने। |

**कार्य अवधिः** हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।

**परिक्षाको किसिम :** मनोसामाजिक परामर्शकर्ता, आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता, बित्तीय साक्षरता सहजकर्ता (लिखित अन्तर्वार्ता तथा प्रयोगात्मक )

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ। अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८२/१२।२१ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

**पदपुर्ति समिति संयोजक**

**पदपूर्ती संयोजक**

Scanned with CamScanner